

# दोर्दी-१ जलविद्युत खबर

पुस २०७६, अंक ३७

दोर्दी–१ जलविद्युत आयोजनाको निर्माण कार्य तिब्र गतिमा निरन्तर रुपमा भइरहेको छ। आयोजनाको Headworks अन्तर्गत रहेको बाँध क्षेत्रको निर्माण कार्य हाल ६० प्रतिशत सम्पन्न भइसकेको छ भने Gravel trap, Approach canal, Desander निर्माण कार्यको ८५ प्रतिशत सम्पन्न भइसकेको छ । आयोजनाको बाँध मा Hydro Mechanical Gate हरु Erection को कार्य र Weir concreting को निर्माण कार्य निरन्तर रुपमा भइरहेको छ। यहि महिना भित्र Hydro mechanical को Gate जडान कार्य सम्पन्न गर्ने कार्य योजनाको साथ निमार्ण कार्य भइरहेको छ।



*आयोजनाको अन्डरस्ल्युइसको गेट जडान गरिँदै।*

२५०० मिटर हेड रेस सुरुङ्ग रहेको यस आयोजनाको सुरुङ्ग २१२० मिटर उत्खनन् कार्य भइसकेको छ र आगामी दुई महिना भित्र सुरुङ्ग को Excavation को सम्पुर्ण कार्य सम्पन्न गरी सक्ने कार्य योजनाका साथ निरन्तर कार्य भइरहेको छ । त्यसैगरी आयोजनाको ३५ मिटर Underground Surge Tank को निर्माण कार्य अघि बढिसकेको छ।




*सुरुङ खन्ने कार्यको मासिक प्रगति।*

Hydro Mechanical कार्य अन्तर्ग रहेको Penstock को Civil कार्य अन्तर्गत Anchor Block को ढलान सुरु भईसकेको र आगामी माघ महिना भित्र तिन वटा Anchor Block को ढलान गरी सक्ने कार्य योजना अनुरुप कार्य भइरहेको छ। बुटवल स्थित मेगा हाइड्रो एण्ड इन्जीनियरिङको फ्याक्ट्रीमा Penstock को ७०० मिटर पाइप रोलीङ भई ५०० मिटर पेन स्टोक पाइप आयोजना स्थलमा ल्याइसकेको र बाँकी पेनस्टोक पाइप ल्याउदै गरेको छ र Bifurcation Assembly का लागि Foundation निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। Penstock Line Civil Work को भौतिक निर्माण कार्य ४० प्रतिशत सम्पन्न भइसकेको छ।



*आयोजनाको **Penstock** पाइप लाइन जडान गर्दैको एक झलक*

विद्युत गृहको भौतिक संरचना निर्माण कार्यमा पनि तिब्र गतिमा भइरहेको छ, यसै माघ महिनाको अन्तमा पावर हाउसको EOT Crane जडान गरी सक्ने कार्य योजनाको साथ संरचना निर्माण कार्य भइरहेको छ । साथै, यस आयोजनाको सम्पूर्ण Electromechanical समाग्रीहरुका निर्माण भारत स्थित फ्याक्ट्रिहरुमा सम्पन्न भईसकेको छ । यस आयोजनाको Turbine/Transformer/Generator को निर्माण कार्य सम्पन्न भई आयोजना पक्ष बाट माघ महिना भित्रमा उक्त सामाग्रिको निरक्षणको लागि समय तालिका रहेको छ । त्यसैगरी Switchyard को Electrical उपकरणहरु आयोजना स्थालमा ल्याउने काम निरन्तर भइरहेको छ । यस आयोजनाको विद्युत गृहको प्रगति विवरणको मुल्याङकनको आधारमा ४० प्रतिशत कार्य सम्पन्न भइसकेको छ ।



*आयोजनाको सर्जटयाङ्ग खन्ने कार्य गरिरहेको ।*



*आयोजनाको विद्युत गृह निर्माणको एक झलक ।*

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने जग्गाहरुको खरिद गर्ने प्रकिया अन्तिम चरणमा पुगेको छ । टावरको फाउन्डेसन निर्माणका लागि सिभिल कार्य सुरु भईसकेको छ । आयोजनाको Transmission line कार्य अर्न्तगत Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु आउदो महिनामा आयोजनाको कार्य स्थलमा ल्याइसक्ने कार्य योजना रहेको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनको निर्माण कार्य पनि तीब्र गतिमा अघि बढिरहेको छ । यसका साथै प्रसारण लाइनका टावरहरुको निर्माणका लागि फाउन्डेसन निर्माण कार्य पनि नेपाल विद्युत प्राधिकरणले अघि बढाएको छ ।



*किर्तिपुर सबस्टेसनको निर्माणधिन कार्यको एक झलक*


**सम्पादक : कृतिका भट्ट**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर, काठमाडौं**

**फोन नः ९७७ - ०१ ४२३२७५०**

**वेबसाइटः www.dordikhola.com.np**